# संविधानमा समेटिनुपर्ने दलित समुदायसम्बन्धी प्रावधानहरू

(दलित समुदायका सभासद्द्वारा संविधानसभाका विषयगत समितिहरुमा सम्बोधन गरेका र संविधानमा समेटिनुपर्ने दलित समुदायसम्बन्धी प्रावधानहरु सरोकारवालाहरुको जानकारीको लागि वितरण गरिएको छ ।)

संविधानसभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सभासद्हरु

सहयोगी संस्थाहरू

नेपाल कानून समाज    ईन्टरनेशनल आईडीया नेपाल

# प्रकाशकीय

नेपालमा परम्परागत रूपमा कला, सीप र श्रमको धनी मानिसहरूको एउटा ठूलो समूह विगत हजारौं वर्षदेखि जातीय भेदभाव र छुवाछूतको व्यवहारबाट राजनीतिक, आर्थिक, सामाजिक लगायत जीवनका सबै क्षेत्रहरूमा बञ्चितीकरण भोग्दै आएको छ, जो विगत केही दशकदेखि दलित समुदायको रूपमा परिचित छ । यो समुदायलाई विगतमा विभिन्न नामले सम्बोधन गरिंदै आएकोमा वि.सं. २०२४ सालदेखि यो समुदाय स्वयमले दलितको रूपमा आफूलाई स्वपहिचान दिएको छ । नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि यो पहिचानलाई बढी प्रयोगमा ल्याइएको पाइन्छ । वि.सं. २०५५ सालमा स्थानीय स्वायत्तशासन ऐन मार्फत कानूनी रूपमा र २०६३ सालमा अन्तरिम संविधान मार्फत संवैधानिक रूपमा यो पहिचानलाई राज्यले मान्यता प्रदान गरिसकेको छ । संविधानसभाका सबै विषयगत समितिका प्रतिवेदनहरूले पनि यो पहिचानलाई मान्यता प्रदान गर्दै सोही अनुरूप अधिकार व्यवस्थाको प्रस्ताव गरेका छन् ।

२०५८ सालको राष्ट्रिय जनगणनामा दलित समुदायको जनसंख्या १३.२ प्रतिशत रहेको छ । दलित गैर सरकारी संस्था महासंघले प्रकाशन गरेको आँकडा अनुसार दलित समुदायको जनसंख्या वि.सं. २०६५ सम्मको तथ्याङ्कमा कूल जनसंख्याको झण्डै २० प्रतिशत रहेको देखाइएको छ । यति धेरै जनसंख्या हुनुमा जातीय भेदभाव र छुवाछुतको अन्यायमा परेको अवस्थाले भएको हो । कुनै जात विशेषमा जन्म भएको वा कुनै पेशा विशेष अपनाएको कारण भएको यस प्रकारको भेदभाव र कुसंस्कारको फलस्वरूप जनताको आत्मसम्मान, मानव मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकार हनन् भएका छन् । नयाँ संविधानमा दलित समुदायको लागि समानता, आत्म सम्मान, समानुपातिक समावेशीकरण र शासकीय नेतृत्वका लागि पर्याप्त आधारहरूको निर्माण गर्न र तिनका अधिकारहरूको सुनिश्चितता गर्नुपर्ने कुरालाई मनन् गरेर पहिलो र दोस्रो संविधानसभा र यसका समितिहरूले प्रस्ताव गरेका मूलभूत कुराहरूलाई एकिकृत गरी संविधानको खाकामा यहाँ उल्लेख गरिएको छ ।

दलितका सवालहरूलाई साझा बनाउने उद्देश्यले पहिलो संविधानसभामा दलित समुदायको प्रतिनिधित्व गर्ने ५० जना सभासद मध्येबाट प्रतिनिधित्व हुने गरी ५ जना माननीय सभासदहरूको समन्वय समिति गठन गरिएको थियो । जसमा तिलक परियार, एनेकपा (माओवादी) को संयोजकत्वमा लक्ष्मी परियार, नेपाली कांग्रेस, शान्तीदेवी चमार, नेकपा एमाले, कलावती देवी दुसाद, मधेशी जनअधिकार फोरम नेपाल र ववितादेवी धोवी, राप्रपा सदस्यहरू रहेका थिए ।

दोस्रो संविधानसभाको निर्वाचन पछि दलित समुदायको प्रतिनिधित्व गर्ने ४० जना सभासदहरू रहेका छन् । जसमध्ये चार जना पहिलो संविधानसभाबाट र १० जना दोस्रो संविधानसभाबाट गरी जम्मा १४ जनाको समन्वय समिति गठन गरी दलितका सवालमा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । समन्वय समितिमा माननीय सभासदहरू नेपाल कांग्रेसबाट मीनबहादुर विश्वकर्मा, जीवन परियार, कविता कुमारी सरदार, नेकपा (एमाले) बाट दलबहादुर सुनार, कुमारी टेकु नेपाली, ए.नेकपा (माओवादी) बाट दलजित विक श्रीपाली, दुलारी हरिजन, राप्रपा नेपालबाट

भक्त बहादुर विश्वकर्मा खपाङ्गी, नेकपा मालेबाट कमला विक, संघीय समाजवादी पार्टी नेपालबाट डिलबहादुर नेपाली, नेकपा–माओवादीबाट तिलक परियार, तेज बहादुर मिजार, नेपाली कांग्रेसबाट लक्ष्मी परियार, शम्भु हजारा पासवान हरेका छन् ।

पहिलो र दोस्रो संविधानसभा, समितिहरू र दलहरूमा पटक–पटक छलफल गरी दलित समुदायका सवालहरूलाई संविधानको भाषामा अद्यावधिक गर्दै आएको थियो । जसमा विज्ञहरू तीर्थमान शाक्य, जीवन परियार, डा. यमबहादुर किसान, कृष्णमान प्रधान र गंगा महराको सक्रिय सहभागिता रहंदै आएको छ ।

यस पुस्तकमा प्रकाशित भएको "नयाँ संविधानमा समेटिनुपर्ने दलित समुदाय सम्बन्धी प्रावधानहरू" सम्पूर्ण दलित समुदायको प्रतिनिधित्व रहेको संयुक्त राजनीतिक दलित संघर्ष समितिको आयोजनामा सम्पूर्ण सभासद र नौवटा भातृ संगठनका प्रतिनिधिहरूबाट प्राप्त सुझावको आधारमा अद्यावधिक गरी प्रकाशित गरिएको छ । यस प्रकाशनले संविधानसभा, राजनीतिक दल, दलित समुदायका सवालमा सक्रिय भई काम

गर्ने विभिन्न संघ/संस्था र आम दलित समुदायलाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस पुस्तक तयार गर्न, अन्तरक्रिया, गोष्ठी गर्न तथा प्रकाशन गर्न नेपाल कानून समाज र इन्टरनेशनल आइडियाले विगत छ वर्षदेखि निरन्तर रूपमा सहयोग गर्दै आएको छ ।

२०७१/७/१०

# नयाँ संविधानमा समेटिनुपर्ने दलित समुदायसम्बन्धी प्रावधानहरू

**१. प्रस्तावनाः** ..नेपाललाई वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, जातीय भेदभाव तथा छुवाछूतमुक्त धर्म निरपेक्ष राज्य घोषणा गर्दै सबै प्रकारका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता, सामाजिक न्याय र मानव मर्यादा सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक क्षतिपूर्तिको सिद्धान्तको आधारमा ऐतिहासिक जातीय विभेदको पश्चाताप गर्दै समतामूलक समाज र राज्यको निर्माण गर्ने संकल्प गर्दै...।

भाग....

## प्रारम्भिक

**२. राज्यः** नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समानुपातिक, जातीय भेदभाव तथा छुवाछूतमुक्त, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख लोक कल्याणकारी राज्य हो ।

**३. नागरिकताः** सबै नेपाली नागरिकलाई आफ्ना आमा वा बाबु वा दुबैको वंश, थर वा आफूले इच्छाए अनुसारको कुनै पनि वंश, थर वा पहिचानका आधारमा नागरिकता प्रदान गरिनेछ ।

भाग....

# मौलिक हक र कर्तव्य

**४. समानताको हकः** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा र नागरिकहरूका बीचमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, वंश, पेशा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वैचारिक आस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

तर राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र जातीय दृष्टिले पछाडि परेका दलित, महिला, आदिवासी जनजाति, मधेसी, किसान, मजदुर/श्रमिक, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा

वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण, विकास वा सकारात्मक उपाय तथा क्षतिपूर्तिको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**५. जातीय भेदभाव तथा छुवाछूत विरूद्धको हकः** (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, जन्म, वंश, पेशा, धर्म वा समुदायका आधारमा कुनै पनि स्थानमा कुनै प्रकारको विभेद, अन्याय, अत्याचार, वहिष्कार, अस्वीकार, प्रतिबन्ध, निषेध, निष्कासन, नाकाबन्दी, असहिष्णुता, अवहेलना र छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्न वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) कुनै जात, जाति, वंश, उत्पत्तिका व्यक्ति वा समुदायलाई उँच वा नीच दर्शाउने, जात, जाति

वा छुवाछूत वा शारीरिक अवस्थाका आधार मा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा कुनै पनि व्यक्ति वा समुदायलाई निजको इच्छा विपरित काममा लगाउन वा नलगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद वा छुवाछूत गर्न पाइने छैन ।

(५) उपधारा (१), (२), (३) र (४) विपरितको कार्य मानवता विरूद्धको गम्भीर सामाजिक अपराधका रूपमा कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**६. दलित समुदाय सम्बन्धी हकः** (१) दलित समुदायलाई नीति निर्माण, निजामती सेवा, सुरक्षा अङ्ग, न्यायिक निकाय, शैक्षिक निकाय, औद्योगिक निकाय, वित्तीय संस्था तथा सरकारका पूर्ण वा आंशिक स्वामित्त्व भएका निगम, संस्थान, प्राधिकरण र प्रतिष्ठानहरू लगायतका राज्य संयन्त्रका सबै अङ्ग, निकाय र क्षेत्रहरूमा समानुपातिक आधारमा प्रतिनिधित्त्व र सहभागिताका साथै क्षतिपूर्ति स्वरूप

थप दश प्रतिशत प्रतिनिधित्त्व र सहभागिताको हक हुनेछ ।

(२) सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलित समुदायको समानुपातिक प्रतिनिधित्त्वका साथै क्षतिपूर्ति स्वरूप क्रमश पाँच, सात र सात प्रतिशत थप प्रतिनिधित्त्वको हक हुनेछ ।

(३) राज्यले भूमिहीन दलित कृषकलाई एक पटकका लागि जीविकोपार्जन गर्न पुग्ने गरी कानूनद्वारा आवश्यक जमीन उपलब्ध गराउने र आवास विहीन दलित कृषकका लागि आधारभूत आवासीय भवन सहित बसोबासको व्यवस्था गर्नेछ ।

(४) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । त्यस्तो अवसर प्रदान गर्दा विपन्न दलितलाई प्राथमिकता दिइनेछ ।

(५) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासका लागि सीप र स्रोत प्राप्त गर्ने हक हुनेछ । दलित समुदायको परम्परागत मौलिक जातीय पेशामा उनीहरूको प्रतिलिपि अधिकार र हनेछ र अन्य समुदायले त्यस्तो पेशा गर्न चाहेमा

दलित समुदायको सम्बन्धित जात तथा समूहलाई उचित रोयल्टी प्रदान गर्नु पर्नेछ ।

(६) दलित समुदायका विद्यार्थीलाई पूर्व बाल्यशिक्षादेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गरिनेछ । सामान्य तथा प्राविधिक उच्च शिक्षामा दलित समुदायका विद्यार्थीहरूका लागि जनसंख्याको अनुपातमा समानुपातिकको अतिरिक्त दश प्रतिशत भर्ना कोटा सुनिश्चित हुने गरी पर्याप्त छात्रवृत्ति सहित निःशुल्क शिक्षाको लागि विशेष व्यवस्था गरिनेछ ।

(७) दलित समुदायले यस धारा अन्तर्गत प्राप्त गर्ने अधिकारहरू समुदायभित्रका जातीय, क्षेत्रीय, लैङ्गीय, जनसंख्याको अनुपातमा पहाडे दलित, मधेसी दलित र दलित महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरी जातीय समानुपात र आर्थिक सामाजिक अवस्थाका आधारमा प्राथमिकीकरण गरी प्राप्त गर्नेछन् ।

**७. महिलाको हकः** संविधान बमोजिम महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी र पहाडे दलित महिलाको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्त्व हुनेछ ।

**८. धार्मिक स्वतन्त्रता सम्बन्धी हक:** (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने वा नगर्ने, धर्मबाट अलग र हने धार्मिक स्वतन्त्रताको हक हुनेछ ।

तर कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने क्रियाकलाप गर्न गराउन वा कसैको जबरजस्ती धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन पाउने छैन ।

(२) धर्म, प्रथा, परम्परा र संस्कारको आधारमा हुने कुनै पनि प्रकारको हिंसा, भेदभाव, छुवाछूत, घृणा, अवहेलना र शोषण कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) धर्मनिरपेक्षताको उचित कार्यान्वयन विशेष कानुन बनाई गरिनेछ ।

**९. शिक्षा तथा संस्कृति सम्बन्धी हक:** (१) प्रत्येक समुदायलाई आफ्नो संस्कृतिको संरक्षण, संवर्द्धन र अवलम्बन गर्ने हक हुनेछ ।

तर संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथाको प्रयोगमा रोक लगाउने गरी कानुन बनाउन बाधा पुऱ्याएको मानिने छैन ।

**१०. गोपनीयताको हक:** कुनै पनि व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

तर गोपनीयताको आडमा जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यलाई प्रोत्साहन गर्न पाइने छैन ।

**११. सामाजिक न्यायको हक:** सामाजिक रूपले पछाडि परेका दलित, महिला, मधेसी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदुर/श्रमिक वर्ग तथा उत्पीडित क्षेत्रलाई आआफ्ना जनसंख्याको अनुपातका आधारमा समानुपातिक र समावेशी सिद्धान्त बमोजिम राज्यका सम्पूर्ण राजनीतिक संरचना, निकाय, क्षेत्र तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ साथै दलित समुदायका लागि समानुपातिकका अतिरिक्त क्षतिपूर्ति स्वरूप थप अवसर र स्थानहरू प्राप्त गर्ने हक हुनेछ ।

**१२. प्राकृतिक स्रोत र साधनको उपयोग सम्बन्धी हक:** (१) प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी जनजाति र दलित लगायत प्राकृतिक

स्रोत र साधनमा निर्भर स्थानीय समुदायलाई पहिलो प्राथमिकताको हक हुनेछ ।

(२) सरकारले प्राकृतिक स्रोतको विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नेछ । त्यस्तो लाभको निश्चित अंश, रोयल्टी वा सेवा वा वस्तुको रूपमा परियोजनाबाट प्रभावित क्षेत्र, सरोकारवाला जात, जाति, समुदाय वा स्थानीयवासीलाई प्रचलित कानून बमोजिम प्राप्त गर्ने हक हुनेछ ।

**१३. मौलिक कर्तव्यः** नेपाली परम्परागत ज्ञान, सीप, कला, व्यवसाय लगायत मानव उपयोगी सबै किसिमका श्रमको सम्मान गरी प्रोत्साहन र प्रवर्द्धनमा सहयोग पुऱ्याउनु र जातीय भेदभाव तथा छुवाछूत मुक्त समतामूलक समाज निर्माण गर्न, समाज र राज्यलाई सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

भाग....

# राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्त्व

**१४. राज्यको निर्देशक सिद्धान्तः** (१) सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र, वर्ण, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य कायम गरी न्याय र नैतिकतामा आधारित स्वस्थ, सामाजिक जीवनको विकास गर्नु र जातीय भेदभाव तथा छुवाछूत मुक्त राज्य प्रणालीको स्थापना गरी दलित समुदायको सर्वाङ्गीण विकासका लागि सकारात्मक उपाय लगायत विशेष व्यवस्था गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।

(२) सबै तहका राज्यका सबै अङ्ग, निकाय, क्षेत्रहरूमा जातजातिको जनसंख्याको आधारमा समानुपातिक समावेशी र क्षतिपूर्तिको सिद्धान्तको आधारमा समान पहुँच हुनेछ ।

(३) सरकारले प्राकृतिक श्रोतसाधनको समन्यायिक बाँडफाँड गर्नेछ ।

**१५. राज्यको नीति र दायित्त्वः** (१) शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा सकारात्मक

उपायको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पछाडि परेका दलित, महिला, आदिवासी जनजाति, मधेसी र मुस्लिम, अल्पसङख्यक लगायत सीमान्तकृत र उत्पीडित समुदाय तथा गरीबीको रेखामुनि रहेका मजदुर/श्रमिक र किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(२) राज्यले दलित समुदायलाई सबै सरकारी तथा निजी औद्योगिक प्रतिष्ठानहरू , संयुक्त राष्ट्रसंघीय नियोग, दातृ निकाय र गैर सरकारी क्षेत्रमा समानुपातिक रोजगारी उपलब्ध गराउने नीति अवलम्बन गर्नेछ ।

(३) दलित समुदायसँग भएको परम्परागत मौलिक जातीय सीप, कला, पेशा र व्यवसायलाई सम्वर्द्धन र आधुनिकीकरण गर्दै त्यस्ता पेशा तथा व्यवसाय संचालनमा सम्बन्धित समुदायको प्रतिलिपि अधिकार कायम गरिनेछ र त्यस्ता पेशा व्यवसाय सञ्चालन गर्ने अन्य समुदायले कानुन बमोजिम सम्बन्धित समुदायलाई रोयल्टी प्रदान गर्नु पर्नेछ ।

(४) भूमिहीन सुकुम्वासी, कमैया, हलिया, हरवा, चरवा, कम्लहरी, दलित समुदाय लगायत आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई भूमिको

स्वामित्त्व लगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिनेछ ।

(५) दलित, महिला, मधेसी, आदिवासी जनजाति, पिछडा वर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र, गरीब, किसान, मजदुर, युवा वर्गलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा सहभागी गराउँदै दलित समुदायका लागि समानुपातिकका अतिरिक्त क्षतिपूर्ति स्वरुप थप प्रतिनिधित्त्वको व्यवस्था गर्दै बढीमा बीस वर्षभित्र राज्यलाई पूर्ण समानुपातिक सहभागितामूलक राज्य बनाउने नीति लिनेछ ।

भाग....

# कार्यपालिका

**१६. राष्ट्रपतिको निर्वाचनः** राष्ट्रपतिको उम्मेदवारले आफ्नो मनोनयन दर्ता गर्दा आफ्नो जात, क्षेत्र र लिङ्गभन्दा फरक जात, क्षेत्र र लिङ्गको व्यक्तिलाई उपराष्ट्रपतिका पदमा प्रस्तावित गर्नु पर्नेछ र

राष्ट्रपतिको उमेदवारमध्ये जुन उमेदवार विजयी हुन्छ सोही उम्मेदवारले प्रस्तावित गरेको व्यक्तिलाई उपराष्ट्रपति घोषित गरिनेछ ।

**१७. सङ्घीय मन्त्रिपरिषदको गठनः** प्रधानमन्त्रीले मन्त्रिपरिषद्को गठन गर्दा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी, मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी गरिनेछ ।

**१८. प्रदेश प्रमुखको नियुक्तिः** राष्ट्रपतिले प्रदेश प्रमुखहरूको नियुक्ति गर्दा जम्मा प्रदेश प्रमुखहरूलाई दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएको समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी गरिनेछ ।

**१९. प्रादेशिक मन्त्रिपरिषद्को गठनः** मुख्यमन्त्रीले मन्त्रिपरिषद्को गठन गर्दा उपमुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी गरिनेछ ।

**२०. स्थानीय निकायका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था:** एकै राजनीतिक दल वा समूहले प्रमुख र उपप्रमुख दुबै पदका लागि उम्मेदवार उठाएमा कुनै एक पदमा अलग लिङ्ग, जातीय वा क्षेत्रको व्यक्तिलाई उम्मेदवार बनाउनु पर्नेछ । त्यसरी उम्मेदवारी दिंदा र निर्वाचन गर्दा दलित, महिला, आदिवासी जनजाति र मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी गरिनेछ ।

**२१. स्थानीय सरकारको कार्यकारिणी अङ्गको गठन:** अध्यक्षले सम्बन्धित स्थानीय तहको व्यवस्थापिकीय अङ्गमा प्रतिनिधित्त्व गर्ने राजनीतिक दलहरूको सिट संख्याको आधारमा त्यस्ता अङ्गका सदस्यहरु मध्येबाट समानुपातिक र समावेशी सिद्धान्त बमोजिम दलित, महिला, आदिवासी जनजाति र मुस्लिम लगायत पिछडिएका समुदायका सदस्यहरूको अनिवार्य र समानुपातिक रूपमा मनोनयन गरी कार्य विभाजन समेत गर्नेछ ।

**२२. सरकारी सेवाको गठन र सञ्चालन:** सङ्घीय र प्रादेशिक सरकारले प्रशासन सञ्चालन गर्न निजामती सेवा र आवश्यक अन्य सेवाहरु गठन गर्दा दलित, महिला, आदिवासी जनजाति,

मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी गठन गर्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरु ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।

भाग....

# व्यवस्थापिका

**२३. प्रतिनिधिसभाको गठनः** (१) प्रतिनिधिसभामा रहने कूल सदस्यसंख्यामा जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्त्वको सुनिश्चितता गरिनेछ ।

(२) प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष निर्वाचनमा राजनीतिक दलले जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदाय समेतबाट समानुपातिक रूपमा निर्वाचित हुने गरी निर्वाचन क्षेत्र आरक्षित गर्नेछ ।

(३) प्रतिनिधिसभाले सभामुख र उपसभामुखको निर्वाचन गर्दा दलित, महिला आदिवासी जनजाति,

मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायलाई प्राथमिकता दिनेछ ।

(४) प्रतिनिधिसभाले प्रचलित कानुन बमोजिम समितिहरूको गठन गर्न सक्नेछ । त्यस्ता सम्पूर्ण समितिका अध्यक्ष पदलाई जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी वितरण गरिनेछ ।

**२४. राष्ट्रिय सभाको गठनः** (१) राष्ट्रियसभामा रहने कूल सदस्यसंख्यामा जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्त्वको सुनिश्चितता गरिनेछ ।

(२) प्रतिनिधिसभामा प्रतिनिधित्त्व हुन नसकेका दलित, महिला, आदिवासी, जनजाति, मधेशी, तराईवासी, मुस्लिम तथा अल्पसंख्यक जात, जाति, समुदाय, भाषिक, धार्मिक, पिछडिएको क्षेत्र वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्त्व र विशेषज्ञहरूबाट समानुपातिक प्रतिनिधित्त्वको सिद्धान्त अनुसार एकल सङ्क्रमणीय मतको

आधारमा प्रतिनिधिसभाद्वारा कानुनमा व्यवस्था भए बमोजिम बाँकी सदस्यहरु निर्वाचित हुनेछन् ।

(३) राष्ट्रियसभाले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा दलित, महिला आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायलाई प्राथमिकता दिनेछ ।

(४) राष्ट्रियसभाले प्रचलित कानुन बमोजिम समितिहरूको गठन गर्न सक्नेछ । त्यस्ता सम्पूर्ण समितिका अध्यक्ष पदलाई जनसंख्याको आधार मा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट अनिवार्य र समानुपातिक प्रतिनिधित्त्व हुने गरी वितरण गरिनेछ ।

**२५. प्रदेशसभाको गठनः** (१) प्रदेशसभामा रहने कूल सदस्य संख्यामा सम्बन्धित प्रदेशका दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्त्वको सुनिश्चितता गरिनेछ ।

(२) प्रदेशसभाको सदस्यको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा दलित महिला, आदिवासी जनजाति,

मधेशी, तराईवासी, मुस्लिम, पिछडिएका समुदाय समेतबाट समानुपातिक रूपमा उम्मेदवारी दिने व्यवस्था गरिनेछ ।

(३) प्रदेशसभाले बैठक प्रारम्भ भएको पन्ध्र दिनभित्र आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उपसभामुखको निर्वाचन गर्नेछ । सम्पूर्ण प्रदेशका प्रदेश सभामुख र प्रदेश उपसभामुखहरूको जम्मा संख्यालाई जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराइवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट समानुपातिक प्रतिनिधित्व हुने गरी निर्वाचन गरिनेछ ।

(४) प्रदेश सभाले प्रचलित कानुन बमोजिम समितिहरूको गठन गर्न सक्नेछ । त्यस्ता सम्पूर्ण समितिका अध्यक्ष पदलाई जनसंख्याको आधार मा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी वितरण गरिनेछ ।

भाग....

# न्यायपालिका

**२६. न्यायाधीशहरूको नियुक्तिः** सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत लगायतका अदालतहरूमा न्यायाधीशहरूको नियुक्तिमा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी, मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्त्वको सुनिश्चितता गरिनेछ ।

**२७. अदालतको गठनः** पारिवारिक विवाद, महिलामाथिको हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद, जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी विवाद तथा आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक समुदायको सांस्कृतिक, धार्मिक एवं परम्परागत कानून र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न छुट्टै अदालत गठन गर्न सकिनेछ ।

**२८. सङ्घीय न्याय सेवा आयोगः** सङ्घीय न्याय सेवा आयोगमा दलित, महिला, आदिवासी, जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समेत अनिवार्य र समानुपातिक प्रतिनिधित्त्वको सुनिश्चितता गरिनेछ ।

**२९. प्रदेश न्यायसेवा आयोगः** प्रदेश न्याय सेवा आयोग दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

**३०. प्रदेश महाअभियोजन कर्ता र जिल्ला न्यायाधिवक्ताः** प्रदेश महाअभियोजनकर्ता र जिल्ला न्यायाधिवक्ता नियुक्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा दलित, महिला, आदिवासी, जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

भाग....

# राष्ट्रिय दलित आयोग

**३१. राष्ट्रिय दलित आयोगः** नेपालमा एक राष्ट्रिय दलित आयोग (यसपछि यस भागमा "आयोग" भनिएको) हुनेछ जसमा एकजना अध्यक्ष र देहाय बमोजिमका अन्य चारजना सदस्यहरु र हनेछन् । आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति

दलित समुदायभित्र आन्तरिक जातीय समावेशीकरण समेत हुने गरी गरिनेछः–

(क) एकजना महिला सहित दुईजना मधेशी दलित ।

(ख) एकजना महिला सहित दुईजना दलित ।

**३२. आयोगको अध्यक्ष र सदस्यको नियुक्ति, पदावधी र योग्यताः** (१) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(२) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निज थप एक कार्यकालको लागि पुनर्नियुक्ति हुन सक्नेछ ।

तर

(क) त्यस्तो पदावधि पूरा हुन अगावै आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसट्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछः–

(क) कम्तीमा दस वर्ष दलित समुदायको हक हित वा विकास वा मानव अधिकारको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ग) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) चालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा भएको ।

(४) देहायका अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) निजले राष्ट्रपति समक्ष दिएको लिखित र ाजीनामा स्वीकृत भएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक एवम् सेवाका अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ । आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

तर चरम आर्थिक विश्रृङ्खलताको कारण सङ्कटकाल लागू भएको अवधिभर यो व्यवस्था लागू हुने छैन ।

(६) आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर,

(क) आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै

पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**३३. आयोगको काम, कर्तव्य र अधिकारः** (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित समुदाय सम्बन्धी अध्ययन तथा अन्वेषण गरी त्यस सम्बन्धमा गर्नु पर्ने उपयुक्त विषय समेत पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) जातीय भेदभाव तथा छुवाछूतको अन्त्य गरी दलित उत्थान र विकासका निम्ति दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेश गर्ने,

(ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए त्यसको पालना वा कार्यन्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने,

(घ) दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले आयोगको परामर्श लिई पठाए वा नपठाएको अनुगमन गर्ने,

(ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,

(२) आयोगले देहायका विषयमा कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा त्यस्तो विषयमा आवश्यक जाँचबुझ गर्न सक्नेछः–

(क) दलित समुदायका व्यक्तिलाई जात, जन्म, वंश वा पेशाको आधारमा अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको,

(ख) कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै दलित समुदाय पीडित भएको,

(ग) जातीय भेदभाव वा छुवाछूत गरेको,

(घ) दलित समुदायसँग सम्बन्धित संवैधानिक कानुनी एवं अन्य नीति तथा कार्यक्रमहरु कार्यान्वयन नभएको वा हिनामिना भएको सम्बन्धमा परेका उजुरीहरु ।

(३) उपधारा (२) मा उल्लिखित विषयमा जाँचबुझ गर्दा आयोगलाई देहाय बमोजिमको अधिकार हुने छः–

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,

(ग) कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल पाउन अनुरोध गर्ने,

(ङ) आवश्यकता अनुरुप स्थलगत निरीक्षण गर्ने वा गराउने,

(च) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने,

(छ) पूर्वसूचनाको आधारमा कुनै घटना घट्न नदिनका लागि आवश्यक निरोधात्मक उपाय अवलम्बन गर्ने,

(ज) दोषी देखिएको व्यक्तिलाई कानुनी कारवाहीका लागि पहल गर्ने र कारवाही भए/ नभएको अनुगमन गर्ने ।

(४) उपधारा (३) बमोजिम जाँचबुझ गर्दा आयोगले कुनै व्यक्ति उपस्थित गराउन, लिखत पेश गर्ने वा प्रमाण बुझ्नका लागि मनासिव समय अवधि तोक्न सक्नेछ ।

(५) उपधारा (३) बमोजिम भएको जाँचबुझबाट कसैले उपदफा (२) बमोजिमको कार्य गरेको देखिएमा आयोगले आवश्यकता अनुसार मेलमिलाप गराउने वा सो सम्बन्धमा पीडितलाई उपयुक्त उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन वा पुनर्स्थापना गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने वा उपयुक्त कारवाही गर्न सम्बन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिस गर्ने र सो अनुरूप भए वा नभएको अनुगमन गर्नेछ ।

(६) उपधारा (५) बमोजिम आयोगबाट लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले आवश्यक कारवाही गर्नु, गराउनु पर्नेछ ।

(७) उपधारा (२) र (३) बमोजिम आयोगले जाँचबुझ गर्ने सिलसिलामा माग गरेका कागजात वा प्रमाण सम्बन्धित निकाय, कार्यालय, संस्था वा व्यक्तिले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) आयोगले गरेका सिफारिस कार्यान्वयन वा पालना गर्नु सम्बन्धित निकाय वा संस्थाको कर्तव्य हुनेछ ।

(९) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको विषयमा आयोगले हस्तक्षेप गर्ने छैन ।

तर छिटोछरितो न्याय सम्पादनका लागि आयोगले सहयोगीको भूमिका खेल्नेछ ।

(१०) दलित समुदायसम्बन्धी कुनै पनि नीति, कानुन, नियम, र कार्यक्रम तर्जुमा गर्दा वा फेर बदल गर्दा राज्य र सम्बन्धित निकायले आयोगको सहमति लिनु पर्नेछ ।

(११) यस संविधानको अधीनमा रही आयोगको अन्य काम कर्तव्य र अधिकार तथा कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

**३४. अधिकार प्रत्यायोजनः** आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र

अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा कर्मचारी वा सङ्घीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**३५. प्रादेशिक व्यवस्थाः** प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

**३६. वार्षिक प्रतिवेदनः** (१) प्रत्येक वर्ष आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त वर्ष भरी नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण तथा दलित समुदायको हक अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

भाग....

# विविध

**३७. नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्तिः** यस संविधानबमोजिम नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति गर्दा समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

**३८. राष्ट्रिय सुरक्षा परिषद्ः** राष्ट्रिय सुरक्षा परिषद्‌मा समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चितता गरिनेछ ।

**३९. सैनिक सेवा आयोगको गठनः** सैनिक सेवा आयोगमा समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चितता गरिनेछ ।

**४०. अन्य संवैधानिक आयोगमा दलित समुदायको प्रतिनिधित्वः** यस संविधानमा व्यवस्था गरिएका अन्य संवैधानिक आयोगको गठनमा समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व गरिनेछ ।

# दोस्रो संविधानसभामा निर्वाचित दलित समुदायका सभासदहरूको नामावली

| क्र. सं. | | नाम थर | राजनितिक दल | जिल्ला |
|---|---|---|---|---|
| १. | १. | मा. मान बहादुर विश्वकर्मा | नेपाली कांग्रेस | अर्घाखाँची |
| २. | २. | मा. मीन बहादुर विश्वकर्मा | नेपाली कांग्रेस | भोजपुर |
| ३. | ३. | मा. जीवन परियार | नेपाली कांग्रेस | कास्की |
| ४. | ४. | मा. सुजाता परियार | नेपाली कांग्रेस | इलाम |
| ५. | ५. | मा. प्रमिला देवी दास | नेपाली कांग्रेस | धनुषा |
| ६. | ६. | मा. कल्पना सोव | नेपाली कांग्रेस | डोटी |
| ७. | ७. | मा. आशा विश्वकर्मा | नेपाली कांग्रेस | बाँके |
| ८. | ८. | मा. बिष्णु माया परियार | नेपाली कांग्रेस | चितवन |
| ९. | ९. | मा. खड्ग बहादुर बस्याल | नेपाली कांग्रेस | सुर्खेत |
| १०. | १०. | मा. मैकु लाल बाल्मिकी | नेपाली कांग्रेस | बाँके |

| क्र. सं. | | नाम थर | राजनितिक दल | जिल्ला |
|---|---|---|---|---|
| ११. | ११. | मा. नरभान कामी | नेपाली कांग्रेस | डडेलधुरा |
| १२. | १२. | मा. कविता कुमारी सरदार | नेपाली कांग्रेस | मोरङ्ग |
| १३. | १. | मा. राम अवतार पासमान | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | धनुषा |
| १४. | २. | मा. दुलारी देवी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सर्लाही |
| १५. | ३. | मा. चूडामणि वि.क. जङ्गली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | स्याङ्जा |
| १६. | ४. | मा. जीत बहादुर (दर्जी) गौतम | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | झापा |
| १७. | ५. | मा. शारदा कुमारी विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | दाङ |
| १८. | ६. | मा. भागवत नेपाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | दाङ |
| १९. | ७. | मा. कुमारी टेकु नेपाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | स्याङ्जा |
| २०. | ८. | मा. झानु देवी गैरे | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | डडेलधुरा |
| २१. | ९. | मा. अफिलाल ओखेडा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बझाङ्ग |

| | | | | |
|---|---|---|---|---|
| २२. | १०. | मा. शिव कुमारी गोतामे (सार्की) नगरकोटी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | चितवन |
| २३. | ११. | मा. राम दयाल मण्डल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | महोत्तरी-३ |
| २४. | १२. | मा. दल बहादुर सुनार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बाँके-४ |
| २५. | १. | मा. अनिता कुमारी परियार | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | महोत्तरी |
| २६. | २. | मा. दलजित वि के श्रीपाली | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | रूकुम |
| २७. | ३. | मा. कर्ण बहादुर वि.क. | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | बाजुरा |
| २८. | ४. | मा. धना पहरी | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | बैतडी |
| २९. | ५. | मा. दुलारी हरिजन | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | नवलपरासी |
| ३०. | ६. | मा. धनमाया विश्वकर्मा (खनाल) | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | धनकुटा |
| ३१. | ७. | मा. सीता नेपाली | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | सुर्खेत |
| ३२. | १. | मा. धानो महरा | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | सिराहा |
| ३३. | २. | मा. श्रीकान्ती पासी | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | कपिलवस्तु |

| क्र. सं. | | नाम थर | राजनितिक दल | जिल्ला |
|---|---|---|---|---|
| ३४. | ३. | मा. भक्त बहादुर विश्वकर्मा (खपाङ्गी) | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | झापा |
| ३५. | १. | मा. लक्ष्मी थापा पासवान | राष्ट्रिय प्रजातन्त्र पार्टी | धनुषा |
| ३६. | १. | मा. रमणी राम | मधेशी जनअधिकार फोरम नेपाल, (लोकतान्त्रिक) | सप्तरी |
| ३७. | १. | मा. कमला विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (माले) | गुल्मी |
| ३८. | १. | मा. डिल बहादुर नेपाली | संघीय समाजवादी पार्टी, नेपाल | कास्की |
| ३९. | १. | मा. सीमा कुमारी विश्वकर्मा | राष्ट्रिय जनमुक्ति पार्टी | रूपन्देही |
| ४०. | १. | मा. विश्वेन्द्र पासवान | दलित जनजाति पार्टी | सिराहा |

## पहिलो संविधानसभामा निर्वाचित दलित समुदायका सभासदहरूको नामावली

| क्र. सं. | | नाम थर | राजनितिक दल | जिल्ला |
|---|---|---|---|---|
| १. | १. | श्री दुर्गा कुमारी विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | कास्की क्षेत्र नं. ४ |
| २. | २. | श्री महेन्द्र पासवान | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | सिराहा क्षेत्र नं. ५ |
| ३. | ३. | श्री तिलक परियार | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | बाँके क्षेत्र नं १ |
| ४. | ४. | श्री खड्ग बहादुर विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | कालिकोट क्षे. नं. १ |
| ५. | ५. | श्री गोपीनाथ सार्की (अछामी) | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | मोरङ क्षेत्र नं ८ |
| ६. | ६. | श्री तेज बहादुर मिजार | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | काभ्रेपलाञ्चोक क्षेत्र नं ४ |
| ७. | ७. | श्री सीता बौडेल | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | नवलपरासी क्षेत्र नं ३ |
| ८. | ८. | श्री बिनोद पहाडी | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | पाल्पा |
| ९. | ९.. | श्री हरि श्रीपाईली | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | कैलाली |
| १०. | १०. | श्री धर्मराज विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | बझाङ |

| क्र. सं. | | नाम थर | राजनितिक दल | जिल्ला |
|---|---|---|---|---|
| ११. | ११. | श्री पार्वती रसाईली | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | रामेछाप |
| १२. | १२. | श्री मंगल विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | सुर्खेत |
| १३. | १३. | श्री परशुराम रम्तेल | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | गोरखा |
| १४. | १४. | श्री बाबुलाल पासवान | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | मोरङ |
| १५. | १५. | श्री सन्तोषी विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | रोल्पा |
| १६. | १६. | श्री हिम कुमारी विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | लम्जुङ्ग |
| १७. | १७ | श्री रूपा विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | पाल्पा |
| १८. | १८. | श्री विमला मिजार | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | उदयपुर |
| १९. | १९. | श्री दुर्गादेवी पासवान | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | धनुषा |
| २०. | २०. | श्री पद्मलाल विश्वकर्मा | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | इलाम |
| २१. | २१. | श्री विश्वभक्त दुलाल (आहुती) | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | काठमाडौं |

| | | | | |
|---|---|---|---|---|
| २२. | २२. | श्री चन्दा देवी राम | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | पर्सा |
| २३. | २३. | श्री राम कुमार पासवान | एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | सिराहा |
| २४. | १. | श्री दलबहादुर सुनार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बाँके |
| २५. | २. | श्री विष्णुमाया वि.क | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | तनहुँ |
| २६. | ३. | श्री शान्ति देवी चमार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | कपिलवस्तु |
| २७. | ४. | श्री गोविन्द नेपाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नुवाकोट |
| २८. | ५. | श्री रामप्रित पासवान | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सप्तरी |
| २९. | ६. | श्री दुर्गा परियार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | उदयपुर |
| ३०. | ७. | श्री भैरे कामी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | अछाम |
| ३१. | ८. | श्री छविलाल विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | रूपन्देहि |
| ३२. | ९.. | श्री पुरन सिंह दयाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | बैतडी |
| ३३. | १०. | श्री रिमा कुमारी नेपाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | रोल्पा |

| क्र. सं. | | नाम थर | राजनितिक दल | जिल्ला |
|---|---|---|---|---|
| ३४. | ११. | श्री राम रती राम | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सिराहा |
| ३५. | १. | श्री खड्ग बहादुर बस्याल | नेपाली काँग्रेस | सुर्खेत |
| ३६. | २. | श्री शम्भु हजारा पासवान | नेपाली काँग्रेस | पर्सा |
| ३७. | ३. | श्री लक्ष्मी परियार | नेपाली काँग्रेस | उदयपुर |
| ३८. | ४. | श्री बिमला नेपाली | नेपाली काँग्रेस | दाङ |
| ३९. | ५. | श्री कविता सरदार (बाँतर) | नेपाली काँग्रेस | मोरङ |
| ४०. | ६. | श्री कल्पना सोप | नेपाली काँग्रेस | डोटी |
| ४१. | ७. | श्री महाँ नेपाली | नेपाली काँग्रेस | बाजुरा |
| ४२. | ८. | श्री चन्द्रीराम टमटा | नेपाली काँग्रेस | बैतडी |
| ४३. | ९. | श्री कृष्ण कुमारी परियार | नेपाली काँग्रेस | कास्की |
| ४४. | १. | श्री कलावती पासवान (दुसाध) | मधेशी जनअधिकार फोरम नेपाल | बारा |

| | | | | |
|---|---|---|---|---|
| ४५. | २. | श्री सेवकी देवी दास तत्मा | मधेशी जनअधिकार फोरम नेपाल | सिराहा |
| ४६. | १. | श्री सन्तबहादुर नेपाली | राष्ट्रिय जनमोर्चा | अर्घाखाची |
| ४७. | १. | श्री रमणी राम | तराई-मधेश लोकतान्त्रिक पार्टी | सप्तरी |
| ४८. | १. | श्री शारदा नेपाली | नेपाल कम्युनिष्ट पार्टी (माले) | बर्दिया |
| ४९. | १. | श्री ववितादेवी धोवी | राष्ट्रिय प्रजातन्त्र पार्टी | रूपन्देही |
| ५०. | १. | श्री विश्वेन्द्र पासवान | दलित जनजाती पार्टी | सिराहा |